देखिएकोले साविक सम्झौताका शर्तहरू यथावत रहने गरी निर्माण कार्यको अन्तिम पटकको लागि मिति २०८३/०६/२० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो।

ङ. वातावरण तथा विपद व्यावस्थापन विषयगत समितिको मिति २०८३.०५.३ गतेको निर्णय तथा सिफारिस बमोजिम देहाय बमोजिम राहत दिने निर्णय गरियो ।

| सि नं | पिडित व्यक्तिको नाम | कारण | राहत विवरण |
|---|---|---|---|
| १। | कान्छो मान सार्की, धुलिखेल ९ | जंगली बदेलले बालीनाली नस्ट गरेको | रु ३०००.० |
| २। | राजेन्द्र आचार्य , धुलिखेल १० | जंगली बदेलले बालीनाली नस्ट गरेको | रु ३०००.० |
| ३। | रामकृष्ण घोरसाइने,धुलिखेल १ | जंगली बदेलले बालीनाली नस्ट गरेको | रु. ३०००.० |
| ४। | हरिप्रसाद घिताल, धुलिखेल ११ | वर्षादले घर गोठ पहिरोको जोखिममा परेको | २•२•२ को ४ थान ग्याबिन जाली |
| ५। | श्याम श्रेष्ठ धुलिखेल ७ | वर्शादले पसलको समान नस्ट गरेको | रु १००००.० |



CamScanner

क. काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा ६ बौद्दमा ठेगाना रही बौद्ध धर्म, सस्कृति र परम्पराको संरक्षण र सम्बर्धन गर्ने, बिकास निर्माणका कामहरु गर्ने तथा अन्य बिबिध सामाजिक सेवा गर्ने उदेश्यले दर्ता भयको गैर नाफामुलक सस्था घ्यांग खाङ्ग रिम्पोछेले सिंगापुर स्थीत Tan Lye Hoon सस्थासँग गरेको सम्झौता बमोजिम मिति २०८३ भाद्र १ देखि मिति २०८४ श्रावन ३० सम्म आगामी १ (एक) बर्षको लागि धुलिखेल नगरपालिका वडा नं ११ मा भगवान शाक्यमुनी बुद्धको प्रतिमा स्थापना गरि बौद्ध धर्म सास्कृतिक तथा आध्यात्मिक सम्पदाको संरक्षण र प्रबर्धन गर्दै धार्मिक पर्यटन तथा स्थानीय सामाजिक आर्थिक बिकासमा योगदान दिन रु. १,५१,९९,०००.० बराबरको परियोजना स्वीकृतका लागि नगरपालिकाको सिफारिश माग भयको हुनाले नगरपालिकाको संघसंस्था शाखा र परियोजना संचालन हुने वडासंग समन्वय गरी कार्यक्रम गर्नुपर्ने, बजेटको विस्तृत विवरण सहितको कार्यक्रम कार्यान्वयनको कार्यतालिका नगरपालिकामा पेश गर्नुपर्ने, कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न सम्बन्धित वडाको प्रतिनिधी, शहरी पूर्वाधार शाखा, संघसंस्था शाखाको प्रतिनिधि रहने व्यवस्था गर्नुपर्ने, अनुगमन निरीक्षण प्रतिवेदन नगरपालिकाको संघ संस्था समन्वय शाखामा बुझाउने शर्तमा अनुदानका लागि समाज कल्याण परिषदमा शिफारिस गर्ने निर्णय गरियो,

ख. धुलिखेल नगरपालिका वडा नम्बर ४ स्थीत जग्गा बिकास आयोजनाको काममा सहजीकरण गर्न रत्न बहादुर कार्कीको अधक्ष्यतामा १४ सदस्यीय उपभोक्ता समिति गठन गरि पठायको सम्बन्धि वडा नं ४ को मिति २०८३ भाद्र १० को पत्रबाट जानकारी भयो । साथै, जग्गा बिकास आयोजनाको बाकि काम सम्पन्न गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ग. नगर कार्यपालिकाको बैठकमा पेश भयका कार्यविधि निर्देशिका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

i. धुलिखेल नगरपालिका, नगर अस्पताल संचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि २०८३ स्वीकृत गर्ने र अस्पताल संचालनको प्रकृया अगाडी बढाउन स्वास्थ्य शाखालाई निर्देसन दिने,

ii. धुलिखेल नगरपालिकाको आधिकारिक युटुब च्यानल संचालन तथा ब्याबस्थापन सम्बन्धि कार्यविधि, २०८३, करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड, २०८३ गरिवी निवारण सम्बन्धि कार्यक्रम संचालन मापदण्ड, २०८३ अध्ययन र छलफलका लागि कार्यपालिका सदस्यलाई उपलब्ध गराउने र अर्को बैठकमा स्वीकृतका लागि पेश गर्ने,

घ. ठेक्का नं. DMO/NCB/WORKS/२०८२/८३/०३, "CONSTRUCTION OF COVERED HALL" निर्माण कार्यका लागि Lopchan Construction Pvt. Ltd., Chabahil, Kathmandu सँग सम्झौता भई कार्यान्वयन भइरहेकोमा निर्माण व्यवसायीले मिति २०८३/०३/१२ गते Cement Panel Board को डेलिभरीमा भएको ढिलाइका कारण निर्माण कार्य प्रभावित भएको जनाई म्याद २०८३/०६/२० गतेसम्म थप गरिदिन निवेदन पेश गरेकोले उक्त निवेदन तथा संलग्न कागजात अध्ययन गर्दा उल्लेखित कारण मनासिव देखिएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा धुलिखेल नगरपालिकाको खरिद नियमावली, २०७५ को नियम १२९ बमोजिम म्याद थप गर्न सकिने



CamScanner

७। मिति २०८३ भाद्र १० गते भोटेकोशी/त्रिशुली नदीमा आएको भिषण बाढी तथा डुवानका कारण रसुवा, नुवाकोट, धादिंग, गोरखा जिल्ला लगाएतका आसपासका क्षेत्रमा जनधनमा भयको क्षति, जनजीवनमा परेको असर र सम्भावित जोखिमलाई मध्यनजर गर्दै धुलिखेल नगरपालिकाको कार्यपालिका बैठकबाट पिडितहरुको उद्धार, राहत, पुनर्स्थापना तथा दिर्घकालिन पुर्वातयारीका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. मिति २०८३ भाद्र १० गते रसुवा जिल्लामा आयको बाढीबाट भएको जनधनको क्षति प्रति धुलिखेल नगरपालिकाको तर्फबाट गहिरो दुख व्यक्त गर्दै दिवंगत प्रति हार्दिक श्रदान्जली अर्पण गर्ने र शोकसन्तप्त परिवार प्रति समबेदना प्रकट गर्ने,

ख. घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने र प्रभावित सबै नागरिकहरुको सुरक्षाको लागि प्रार्थना गर्ने,

ग. रसुवा बाढीबाट प्रभावितहरुको लागि तत्काल आवस्यकता पर्ने राहत सामग्री ( खाद्यान्न, लत्ताकपडा, औषधि, सरसफाई सामग्री आदि) उपलब्ध गराउन नगरपालिकाको तर्फबाट आवस्यक सहजीकरण गर्ने,

घ. राहत तथा उद्दार कार्यमा प्रयोग गर्न नगरपालिकाको तर्फबाट रु १० लाख प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा उपलब्ध गराउने,

ङ. राहत सामग्री संकलन, व्यवस्थापन र ढुवानीका लागि नगरपालिकाको सुचना, संचार माध्यम तथा सामाजिक सन्जाल मार्फत अपिल जारि गर्ने,

च. भविष्यमा यस्ता विपद्का जोखिम न्यूनीकरणको लागि प्रारम्भिक पूर्व तयारी, सुचना प्रणाली सुदृधीकरण, सामुदायिक सचेतना र दिगो संरचनाको योजना तयार गर्ने सम्बन्धित शाखाहरुलाई आवश्यक निर्देशन दिने,

८। राहत तथा उद्दार कार्यमा प्रयोग गर्न नगरपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा उपलब्ध गराउने रु १० लाख देहाय बमोजिम व्यवस्थापन गर्ने,

| सि नं | स्वीकृत बजेट शीर्षक र रकम | स्वीकृत रकम रु. | जम्मा गर्ने शिर्षक |
|---|---|---|---|
| १ | हरितालिका तिज कार्यक्रम (नगरपालिका) | ३०००००.० | प्रधानमन्त्री दैवी प्रकोप राहत कोष |
| २ | हरितालिका तिज कार्यक्रम ( वडा नं ८ ) | १०००००.० | प्रधानमन्त्री दैवी प्रकोप राहत कोष |
| ३ | महिलाहरुको क्षमता बिकास कार्यक्रम (वडा नं ९ ) | १०००००.० | प्रधानमन्त्री दैवी प्रकोप राहत कोष |
| | विपद व्यवस्थापन कोष (नगरपालिका) | रु. ३० लाख मध्ये रु ५ लाख | प्रधानमन्त्री दैवी प्रकोप राहत कोष |

९। विविध



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | १ | १६४.२४ | २८६६.३४ |
| | | २ | १६३.२७ | २८५२.९९ |
| | | ३ | १६३.७५ | २८५९.८६ |
| | | ४ | १६६.६५ | २८९९.७२ |
| | | ब्लक C | | सरकारी दर |
| | | १ | १३५.३१ | २८७१.९८ |
| | | २ | १३४.३१ | २८५८.७१ |
| | | ३ | १३४.३५ | २८५८.७१ |
| | | ४ | १३६.७५ | २८९१.८७ |
| ४। | चक्रदेवी आ.वि. को खाली भवन (स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा २ खण्ड ग(९) अनुसार सामुदायिक विद्यालयको जग्गाको स्वामित्त सम्पतिको अभिलेख तथा व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको हुनेछ भन्ने कानुनि व्वस्था अनुसार) | आर सी सी भवन | २६६५.०७ | ८३१५९.५४ / सरकारी दर |
| | | पुरानो भवन | ७९५.५८ | १६८२४.९६/ सरकारी दर |

५। धुलिखेल नगरपालिकाको कार्यालय सञ्चालनका लागि हाल प्रयोगमा रहेको नगरपालिका भवनमा उपलब्ध कोठा तथा कार्यकक्ष पर्याप्त नभई विभिन्न शाखा/इकाईहरूको कार्यसम्पादन, कर्मचारी व्यवस्थापन, सेवाग्राहीलाई सेवा प्रवाह तथा कार्यालयका आवश्यक प्रशासनिक कार्य सञ्चालनमा स्थान अभावका कारण कठिनाइ उत्पन्न भइरहेको साथै, नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यक्षेत्र विस्तार हुँदै गएको सन्दर्भमा कार्यालयका लागि थप कार्यकक्षको आवश्यकता देखिएकोले तत्कालका लागि उपयुक्त स्थानमा घर/भवन भाडामा लिन मिति २०८२ चैत्र ११ गतेको बैठकले निर्णय गरे अनुसार घर भाडा लिने प्रकृया अगाडी बढाईकोमा धुलिखेल नगरपालिका वडा नम्बर ७ स्थीत पदम बिक्रम ब्यन्जु श्रेष्ठको घरमा कुल १२ कोठाको ४०२२ बर्ग फिट क्षेत्रफलको मासिक रु ४१५२०.० (सरकारी दर मासिक रु ४५४०८.३८ भन्दा कम) तथा बार्षिक ४९८२४०.० मा लिने गरि भयको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २६ मा पालिकाले आफ्नो कार्य संचालन गर्दा लागत न्युनिकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि बिभिन्न बिषयमा अन्य पालिकासंग साझेदारी, सम्झौता वा सयुक्त ब्यबस्थापन गर्न सक्ने प्राबधान रहेकोले धुलिखेल नगरपालिकाको पर्यटन, प्रबिधि तथा सस्कृतिको प्रवर्धन र बिकासका लागि काठमाडौं महानगरपालिकासंग साझेदारी गर्ने सम्बन्धमा काठमाडौं महानगरपालिकालाइ अनुरोध गर्ने निर्णय गरियो ।

गरिएकोले स्थानीय राजश्व परामर्श समितिको मिति २०८३ श्रावण १८ गते बसेको बैठकले धुलिखेल नगरपालिकाको आर्थिक ऐन २०८३ ले निर्धारण गरेको करका दर, आर्थिक बर्ष २०८२.०८३ मा लागेको ठेक्का अंक समेतलाई मध्यनजर गरी आ.ब.०८३।०८४, २०८४.०८५ र २०८५.०८६ का लागि क्रमश रु. १५०००००। आ.ब.०८४।०८५ को लागी रु. १६५००००। र आ.ब. ०८५।०८६ का लागी रु. १८१५०००। गरी कुल रु ४९६५०००। न्युनतम अंक निर्धारण गरि ३ आर्थिक बर्षको ठेक्का सुचना प्रकाशन गर्ने सम्बन्धमा निर्णय गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरेको हुनाले स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन गर्ने र निर्णय कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

४।स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण गरेको संरचना बहालमा दिने सक्ने सक्ने व्यवस्था रहेको र टुँडिखेल परिसरका केहि शटरहरु खालि रहेको र देबिथान क्षेत्रमा निर्माण भयका घरहरु तथा चक्रदेवी आ.वि. को खाली भवन समेत भाडामा लगाउनु पर्ने भयकोले साविकको दररेट, जिल्ला दररेट समेतलाई आधार मानि देहाय बमोजिम प्रतिकोठा/प्रति घर न्यूनतम दर कायम गरि भाडामा लगाउने सम्बन्धमा निर्णय गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरेको हुनाले स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन गर्ने र निर्णय कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

| सि नं | विवरण | शटर नम्बर | शटर/घर को क्षेत्रफल (sq ft) | मासिक न्युनतम अंक निर्धारणको आधार |
|---|---|---|---|---|
| १। | टुडिखेल परिसरका शटर | १ | १४४.१६ | हालको भाडादर |
| | | २ | १४४.१६ | |
| | | ३ | १४४.१६ | |
| | | ४ | १४४.१६ | |
| | | ९ | १४४.१६ | |
| २। | हजार सिडी तलका शटर | १४ | ९०.३७ | हालको भाडादर |
| | | १५ | ९०.३७ | |
| | | १६ | ९०.३७ | |
| | | १७ | ९०.३७ | |
| | | १८ | ९०.३७ | |
| ३। | देबिथान मन्दिर परिसरका घरहरु | ब्लक A | | सरकारी दर |
| | | १ | १५७.२८ | २७४०.९८ |
| | | २ | १५१.०८ | २६५५.३४ |
| | | ३ | १४४.८९ | २५६९.७१ |
| | | ब्लक B | | सरकारी दर |

<u>५९ औ कार्यपालिका बैठकको एजेण्डाहरु</u>

१। आन्तरिक आय ठेक्का सम्बन्धमा,

२। काठमाण्डौ महानगरपालिकासंग लागत साझेदारी गर्ने सम्बन्धमा,

३। घर भाडा लिने निर्णय अनुमोदन सम्बन्धमा,

४। विपद राहत कोषमा रकम जम्मा गर्ने सम्बन्धमा,

५। विविध

क. घ्यांग खाब्र्ु रिम्पोछे फाउन्डेसनको निवेदन सम्बन्धमा,

ख. आन्तरिक राजस्व कार्यालयको पत्र सम्बन्धमा,

ग. राधा माधव समितिको पत्र सम्बन्धमा,

घ. जग्गा बिकास आयोजनाको उपभोक्ता समिति सम्बन्धमा,

ङ. कार्यविधि/ निर्देशिका सम्बन्धमा

च. योजनाको म्याद थप सम्बन्धमा,

छ. विपद राहत सम्बन्धमा

५९ औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१। नगरकार्यपालिकाको ५८ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ मा पालिकाले आफ्नो क्षेत्र भित्रबाट संकलन हुने जडिबुटी, कवाडी तथा जिबजन्तुमा कर लगाउन सक्ने व्यवस्था रहेको र धुलिखेल नगरपालिकाको आर्थिक ऐन २०८३ मा कवाडी करका दरहरु समेत निर्धारण गरिएकोले स्थानीय राजश्व परामर्श समितिको मिति २०८३ श्रावण १८ गते बसेको बैठकले आर्थिक ऐन २०८३ ले निर्धारण गरेको करका दर, आर्थिक बर्ष २०८२.०८३ मा लागेको ठेक्का अंक समेतलाई मध्यनजर गरि आ.ब.०८३।०८४ र २०८४.०८५ का लागि क्रमश रु १३०००००.० (तेह्र लाख ) र रु. १४३००००.० (चौध लाख तीस हजार) गरि कुल रु २७३००००.० (सताइस लाख तीस हजार ) न्युनतम अंक निर्धारण गरि २ आर्थिक बर्षको ठेक्का सुचना प्रकाशन गर्ने सम्बन्धमा निर्णय गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरेको हुनाले स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन गर्ने र निर्णय कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

३। बाग्मती प्रदेश सरकारको आर्थिक ऐन २०८३ को दफा ६ अनुसार आर्थिक बर्ष २०८३.०८४ मा बागमती प्रदेश भित्र बिज्ञापन सामग्री राखे बापत लाग्ने बिज्ञापन कर सम्बन्धित स्थानीय तहको कानुन बमोजिम हुने ब्यबस्था रहको र धुलिखेल नगरपालिकाको आर्थिक ऐन २०८३ मा बिज्ञापन करका दरहरु समेत निर्धारण

आज मिति २०८३ साल भाद्र १५ गते सोमबारका दिन दिनको २.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा उनान्साठीऔं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्येक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री ~~संजय कोजू~~ सुरेश श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

CamScanner

आज मिति २०८३ साल श्रावण ६ गते बुधबारका दिन दिनको १.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा अन्ठाउन्नौ बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री संजय कोजू | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

CS CamScanner